## प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
## कोशी प्रदेश , विराटनगर, नेपाल

### सूचना नं. ६ /०८०-०८१

**प्राविधिक शिक्षा अन्तर्गत पशुविज्ञान र बालीविज्ञानका विद्यार्थीहरूका लागि प्रयोगात्मक उत्पादनका आधारमा प्रोत्साहन कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना ।**

आ.व. २०८०/०८१ का लागि स्वीकृत वार्षिक कार्यक्रममा **प्राविधिक शिक्षा अन्तर्गत पशुविज्ञान र बाली विज्ञानका विद्यार्थीहरूका लागि प्रयोगात्मक उत्पादनका आधारमा प्रोत्साहन** कार्यक्रम रहेकाले कोशी प्रदेशमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) र प्राविधिक धारका कक्षा ९-१२ तर्फ वाली विज्ञान र पशु विज्ञान कार्यक्रम सञ्चालन भई हाल **पढ्दै कमाउँदै कार्यक्रम** सञ्चालनमा नरहेका इच्छुक विद्यालयहरूले संलग्न ढाँचा अनुसार २०८० साल चैत १५ गते भित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**<u>प्रस्तावनाको ढाँचा</u>**

प्रस्ताव पेश गर्ने सामुदायिक विद्यालयको

नाम : ठेगाना : फोन नं.:

प्रधानाध्यापकको नाम थर : मोबाइल नं :

इमेल ठेगाना : कार्यक्रम शुरु भएको मिति :

१ विद्यालयको छोटो परिचय :
२ अध्ययनरत विद्यार्थी विवरण (प्राविधिकधार तर्फ कक्षागत/कार्यक्रमगत) :
३ पढ्दै कमाउदै कार्यक्रम सञ्चालनमा रहे/नरहेको :
४ कार्यरत शिक्षक विवरण : प्रशिक्षक/कर्मचारी ( स्थायी/अस्थायी/करार/अन्य, प्राविधिक धार तर्फको) :
५ भौतिक विवरण (जग्गाको क्षेत्रफल, भवन, कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, खेलमैदान, ICT Lab) :
६ प्रयोगात्मक कार्यबाट गरिएका उत्पादन (विगतमा उत्पादन भए/नभएको, भएको भए उल्लेख गर्ने) :
७ गत शैक्षिक सत्रको उत्पादित वस्तु र परिमाण साथै आर्थिक उपार्जन :
८ प्रयोगशाला सुदृढीकरणका लागि प्रस्ताव गरिएका क्रियाकलापहरू, लागत र समयावधि :

| क्र.सं. | क्रियाकलापको नाम | अनुमानित लागत | लागत व्यहोर्ने स्रोत | | | सम्पन्न हुने अनुमानित समयावधी | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश सरकार | स्थानीय तह | विद्यालय | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

९ विगत ३ वर्षको नतिजा (प्राविधिक धार तर्फका कार्यक्रमहरूको छुट्टाछुट्टै) :

नोट : प्रस्तावपत्रको प्रत्येक पानामा शिक्षालय प्रमुखको दस्तखत र शिक्षालयको छाप अनिवार्य हुनुपर्ने छ ।

**<u>संलग्न गर्नुपर्ने कागजातहरू</u>**

१. TECS कार्यक्रम वा प्राविधिक धार सञ्चालन अनुमतिको प्रतिलिपि ।
२. विद्यालय व्यवस्थापन समिति बैठकको निर्णय प्रतिलिपि ।
३. स्थानीय तहको सिफारिस पत्र ।
४. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।

***नोटः थप जानकारीका लागि सम्पर्क नम्बर ९८४२०७०९९८***